# मर्स्याङ्दी गाउँपालिका
## MARSYANGDI RURAL MUNICIPALITY
भुलभुले (Bhulbhule)
लमजुङ (Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या: ०७५/०७६ मिति–२०७५/०८/१२
चलानी नं.: ५८७

**विषय :-मर्स्याङदी गाउँपालिका क्षेत्राधिकार भित्रको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) संकलन/उत्खनन् तथा विक्री सम्बन्धि सिलबन्दि दरभाउ-पत्र आह्वानको सूचना।**

प्रथम पटक प्रकाशित मिति :- २०७५/०८/१२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र ६४ को प्रावधान एवं मर्स्याङदी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७५/०६/१७ को निर्णय न १० बमोजिम यस गाउँपालिका क्षेत्र भित्र कार्यालयले तोकेकोको दररेटका आधारमा वार्षिक न्युनतम रकमबाट बढाबढ हुने गरी चालु आ.व. २०७५/०७६ को लागि ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् तथा विक्री गर्ने प्रयोजनार्थ देहायका स्थानहरुमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्थाहरुबाट निम्न लिखित शर्तहरुका अधिनमा रही आफ्नो फर्म/संस्था दर्ता/नविकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्र, तथा आ.ब. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित आवश्यक कागजातहरु संलग्न गरी रितपुर्वक पेश गर्न शिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ।

**देहाय**

| ठेक्का नं. | विवरण | न्युनतम अङ्क अग्रिम आ.क. र मु.अ.क. बाहेक | दरभाउ-पत्र फाराम दस्तुर | धरौटी रकम | दरभाउ-पत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| ०७५/०७६/०1 | पाखुरी विरौटा वगर मर्स्याङदी गापा ९ | २६५०००।– | १०००। | कबोल अंकको ५% (पांच प्रतिशत) | १५ दिन भित्र |
| ०७५/०७६/०२ | सिटिईभिटी नजिक मर्स्याङ्दी बगैचा मर्स्याङदी गापा ९ | ३५५०००।– | १०००। | | |
| ०७५/०७६/०३ | सिनो हाइडो पावरहाउस माथि खुदी मर्स्याङ्दी गापा ८ | ३४५०००।– | १०००। | | |
| ०७५/०७६/०४ | दुले ओडार भूलभूले मर्स्याङ्दी गापा ८ | ४४००००।– | १०००। | | |
| ०७५/०७६/०५ | घट्टे खोला वगर मर्स्याङ्दी गापा ७ | २५५०००।– | १०००। | | |
| ०७५/०७६/०६ | ङ्यादी मर्स्याङ्दी गापा ७ | १९५०००।– | १०००। | | |
| ०७५/०७६/०७ | स्याङ्गे श्रीचौर मर्स्याङदी गापा ४ | ३२००००।– | १०००। | | |

**शर्तहरु**

१. मर्स्याङदी गाउँपालिका गाउँकार्यपालिकाले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदि) को प्रति क्यु फिट रु ५।०० कर बाहेक तोकेको हुंदा सो भन्दा बढि लिनदिन पाईनेछैन।

२. दरभाउ-पत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको शुल्क बुझाई राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। खरिद भएका दरभाउ-पत्रहरु शिलबन्दी गरी १६ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। नियमानुसार दर्ता हुन आएका दरभाउ-पत्रहरु सोही दिनको २.०० बजे दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधिका रोहवरमा खोलिनेछ। दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएमा दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन। दरभाउ-पत्र खरिद गर्ने, दर्ता गर्ने, तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य लगतै कार्यालय खुलेको दिनमा गरिनेछ।

बद्रीनाथ सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# मर्स्याङ्दी गाउँपालिका

## MARSYANGDI RURAL MUNICIPALITY

भुलभुले (Bhulbhule)
लमजुङ (Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्याः ०७५/०७६ मिति–२०७५/०८/१२
चलानी नं.: ८९६

३. दरभाउ-पत्र खरिद गर्दा निवेदन सहित फर्म वा संस्थाहरुले व्यवसाय दर्ता/नविकरण प्रमाणपत्र, स्थायी लेखा नं./मु.अ.करको प्रमाणपत्र र आ.व. २०७४/०७५ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
४. दरभाउ-पत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रस्टसंग लेखी कबोल अङ्कको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको सिभिल वैक स्थित हि. नं. ०५८१०१२९९७१०८८ मा रकम जम्मा गरेको सक्कलै भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा १२० दिनको म्याद भएको बैंक जमानी-पत्र शिलबन्दी दरभाउ-पत्रसाथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
५. दरभाउ-पत्र स्वीकृत भएपछि दरभाउ-पत्रदाताले मान्यता प्राप्त बैंकले यस कार्यालयका नाउंमा जारी गरेको कम्तीमा आगामी २०७६ श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी-पत्र पेश गर्नुपर्नेछ ।
६. ठेक्का सम्झौता गर्दा कबोल अङ्कको मु.अ.कर १३% र अग्रिम आयकर १.५% रकम थप गरी सम्झौता रकम कायम गरिनेछ ।
७. स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत बुझाएमा औचित्यका आधारमा ५% सम्म छुट दिन सकिनेछ ।
८. ठेक्का अङ्कलाई दुई किस्तामा विभाजन गरी सम्झौता हुंदा ५०% र बांकी ५०% रकम सम्झौता अवधि भित्र बुझाउनुपर्नेछ ।
९. कुनै शर्त राखिएको, रित नपुगेको, हुलाकबाट पठाइएको दरभाउ-पत्र माथि कुनै कारबाही हुनेछैन ।
१०. पेश भएका दरभाउ-पत्रहरु स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
११. व्यक्तिको निजी वा भोगचलनमा रहेको जग्गा, नदी/खोलामा राखिएका पुलहरुको ५०० मिटर तल माथि, सार्वजनिक महत्वको स्थान नजिक नदीजन्य पदार्थ उठाउन पाइनेछैन ।
१२. नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन गर्दा एक्साभेटर, डोजर, जेसीबी लगायतका हेभी मेशिनरी साधानहरु प्रयोग गर्न पाइने छैन ।
१३. नदीजन्य पदार्थको सङ्कलन/उत्खनन् कार्य विहान सूर्योदय देखि बेलुका सूयास्त नहुंदा सम्म मात्र गर्न पाइनेछ । नदी किनार र सार्वजनिक स्थानमा घाटगद्धी गर्न पाइनेछैन । दरभाउ-पत्रदाताले आफ्नो जग्गाको छुट्टै व्यवस्था गरी घाटगद्धी गर्नुपर्नेछ ।
१४. सम्बन्धित निकायले तोकेका सडक सिमा र मापदण्ड भित्रका क्षेत्रमा नदीजन्य पदार्थ सङ्कलन वा सञ्चय तथा सामाग्री बोकेका ढुवानीका साधानहरु पार्किङ गर्न, पानीले भिजेको र पानी चुहिने बालुवा बोकी ढुवानीका साधानहरु गुडाउन पाइनेछैन । साथै ढुवानी गर्दा सामाग्री छोपेर मात्र ढुवानी गर्नुपर्नेछ ।
१५. नेपाल सरकारको मौजुदा कानून अनुसार असार, श्रावण र भाद्र १५ गते सम्म नदिजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्य गर्न नपाइने भएको हुंदा उक्त नियमको पूर्ण पालना गर्नुपर्नेछ ।
१६. कुनै पनि बन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दाबा गर्न पाइने छैन । नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् वा ढुवानी कार्य गर्दा विवाद उत्पन्न भएमा स्वंय दरभाउ-पत्रदाताले सुल्झाउनु पर्नेछ ।
१७. माथि उल्लेखित शर्तहरुका अधिनमा रही कार्य नगरेमा वा गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता तोकिएको समयमा नबुझाएमा ठेक्का तोडी बांकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुलउपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । त्यस्तो असुल गर्नुपर्ने रकममा १०% थप क्षतिपूर्ती जोडी सरकारी बांकी सरह असुल उपर गरिनेछ ।
१८. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । साथै कार्यालयको फोन नं. ०६६-६२००२३ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

बद्रीनाथ सापकोटा
प्रमुख प्रशासकीय अधिकृत